# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्धारा एनएमबी बैंक लिमिटेडको शाखा कार्यालयहरूको उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले भाद्र १२ गते, आइतबार पाल्पामा एनएमबी बैंक लिमिटेडको शाखा उद्घाटन गर्नुभयो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले यो क्षेत्रमा प्रसस्त आर्थिक वृद्धिका अवसरहरु रहेकोले नै मर्जर पश्चात बैंक शाखाहरु विस्तार भएको बताउनु हुँदै त्यहाँका व्यापारी तथा व्यवसायी एवम् आम जनताले यसको सक्दो लाभ लिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।



गभर्नर डा. नेपालले उक्त क्षेत्रमा निक्षेपकर्ताको तुलनामा कर्जा प्रवाह अत्यन्त न्यून रहेको बताउनु हुँदै स्थानीय जनताले व्यापार तथा व्यवसायमा लगानी गरी आय आर्जन गर्नुका साथै रोजगारी सिर्जना गरी आर्थिक तथा सामाजिक रुपमा योगदान दिन सक्ने विचार व्यक्त गर्नुभयो । सो अवसरमा उहाँले यस क्षेत्रमा कृषि तथा पयर्टन जस्ता उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिने तथा यसका लागि बैंकले शुलभ तरिकाले ऋण प्रवाह गरी यस्ता उत्पादनशील क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने बताउनु भयो ।

गभर्नर डा. नेपालले सोही दिन एनएमबि बैंक लिमिटेड, भैरहवा शाखाको पनि उद्घाटन गर्नु भयो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले अन्तराष्ट्रिय विमानस्थल निर्माण तथा राजमार्ग विस्तारका कार्य समेत भइरहेको यस क्षेत्रमा विभिन्न औधोगिक क्षेत्रमा लगानी गर्नु पर्ने तथा पयर्टन लगायतका क्षेत्रहरुमा धेरै राम्रो अवसरहरु रहेको बताउनु भयो । सोही अवसरमा उहाँले देश विकासका लागि उत्पादनशीलता बढाइ देशमा नै रोजगारी सिर्जना गर्नुको विकल्प नरहेको बताउनु भयो । वैदेशिक रोजगारीका लागि जाने युवाहरूलाई आफ्नै मुलुकमा काम गर्न सक्ने वातावरण बनाई बैंकले ऋण प्रवाह गर्नु पर्ने कुरा बताउनु भयो ।

साथै, प्रचुर सम्भावना बोकेका क्षेत्रहरुमा वित्तीय संस्थाहरुले सुलभ सेवा प्रदान गरी लगानी मैत्री वातावरण बनाउनु पर्ने तथा स्थानीय जनताले पनि यस्ता अवसरहरुको लाभ लिई आफ्नो आय आर्जन वृद्धि गर्नुका साथै समग्र देश विकासमा योगदान पुऱ्याउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

अन्तमा, गभर्नर डा. नेपालले बैंकलाई नयाँ शाखाहरु विस्तार गरेकोमा शुभकामना दिँदै यी क्षेत्रहरुमा बैंकले सुलभ सेवा दिई त्यहाँको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नु भयो ।

**२०७३ भाद्र १३, सोमबार**

**गभर्नरको कार्यालय**